# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड ३) संख्या ४८ स्थानीय राजपत्र भाग २ मिति २०७६।०८।२३

# तलाउ संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

प्रस्तावना :

घोराही उप-महानगरपालिका क्षेत्रभित्र नगरपालिका र स्थानीय उपभोक्ताहरुको लागत सहभागितामा निर्माण भएका जलाशयहरु सञ्चालन तथा व्यवस्थापनका लागि यस नगरपालिका र स्थानीय समुदाय तथा उपभोक्ताहरुसँग लागत, लाभ र जोखिमको आधारमा PPP को अवधारणा बमोजिम स्थानीय समुदायहरुसँग सहकार्य गरी जलाशयको उचित व्यवस्थापन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि घोराही उपमहानगरपालिकाको नगर सभाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

१) यस कार्यविधिको नाम 'तलाउ सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७६' रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा र व्याख्या :

विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

क) 'अनुदान' भन्नाले यस कार्यक्रममा उपलब्ध हुने रकमलाई सम्झनु पर्दछ ।

ख) 'उपभोक्ता समिति' भन्नाले कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरु सम्झिनु पर्दछ ।

ग) 'प्रभावित समुदाय' भन्नाले तलाउको वरिपरी वसोबास गर्ने बासिन्दा सम्झिनु पर्छ ।

३. उद्देश्यहरु :

यस कार्यविधि जारी गर्नुका उद्देश्यहरु निम्न रहनेछन् ।

१) आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायको जीवन स्तरमा परिवर्तन ल्याउने ।

२) तलाउमा जम्मा भएको पानीलाई कृषि उत्पादनमा वृद्धिका निमित्त सिंचाईका लागि प्रयोग गरी कृषि उत्पादकत्व वृद्धि गर्ने ।

३) तलाउको तल्लो भू-भागबाट सस्सिएर निस्किएको पानीलाई समुदायले सिंचाई तथा खानेपानीको लागि मुहानको रुपमा प्रयोग गर्ने गरी संरक्षण गर्ने ।

४) वातावरणीय अनुकूलन कार्यमा प्रभाव पर्नुका साथै प्राकृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

५) वन्यजन्तु, पशुपंक्षी तथा चराचुरुङ्गीहरुको लागि सुरक्षित वासस्थानको रुपमा विकास गर्ने ।

६) वर्षादको समयमा आकासे पानी अत्याधिक संकलन हुने र जमिनको भूमिगत सतही रिचार्ज गरी भविष्यमा घोराही उप-महानगरपालिकालाई सुख्खा क्षेत्र हुनबाट समेत जोगाउने ।

७) तलाउमा संकलन भएको पानी जमिनको भूमिगत सतहीमा रिचार्ज हुँदा सो आसपासका भू-भागहरुमा स्थानीय समुदायहरुले पिउने पानीका रुपमा प्रयोग गर्दै आइरहेका कुवाहरुमा पानीको सतही बढनुका साथै निरन्तर रुपमा पानी प्रयोगमा आउने गरी पानीको मुहानहरु संरक्षण गर्ने ।

८) तलाउभित्र मत्स्य पालन व्यवसाय, डुङ्गा तथा पौडी खेल अवलम्बन गर्न सकिने छ साथै सो क्षेत्र वरीपरी पार्क निर्माण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।

९) संकलित पानीलाई अभावको समयमा उप-महानगरपालिकाले भण्डारणको रुपमा प्रयोग गर्ने गरी संरक्षण गर्ने।

१०)वर्षादको समयमा सम्भावित स्थानमा हुन सक्ने बाढीबाट हुन खतरालाई समेत न्यूनीकरण गर्ने ।

## परिच्छेद-२

४. कार्य सञ्चालन तथा व्यवस्थापन समिति :

१) उप-महानगरपालिका क्षेत्रभित्र निर्माण भएका जलाशयहरुको सञ्चालन

तथा व्यवस्थापन गर्नका लागि सम्बन्धित क्षेत्रका उपभोक्ताहरुको आम भेलाबाट तलाउ संचालन तथा व्यवस्थापन समिति गठन गरिने छ। उक्त समितिमा प्रमुख पदाधिकारी मध्ये (अध्यक्ष, सचिव, कोषाध्यक्ष) कम्तिमा १ जना प्रभावित समुदायबाट चयन गरिने छ। सो समितिले नगरपालिकामा संझौता गरी तलाउ सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ। तलाउ सञ्चालनबाट आम्दानी भएको रकम नगरपालिकामा मासिक रुपमा अनिवार्य जम्मा गर्नु पर्नेछ। संकलित रकम मध्ये ३० प्रतिशत नगरपालिकामा जम्मा गर्नुपर्ने छ र तलाउको उचित सञ्चालन तथा व्यवस्थापनका लागि समितिले ७० प्रतिशत पाउने गरी आम्दानीको बाँडफाँड हुने छ। समितिलाई प्राप्त हुने ७० प्रतिशतलाई १०० प्रतिशत मानी ५० प्रतिशत प्रभावित समुदायलाई र बाँकी ५० प्रतिशत समितिको निर्णयानुसार सम्बन्धित समुदायको आय-आर्जन क्रियाकलापमा खर्च गरिने छ। प्रभावित समुदाय नभएको क्षेत्रको तलाउको सम्वन्धमा समितिको निर्णयानुसार खर्च हुनेछ। आम्दानी, खर्चको विवरण लेखा परीक्षण गराई वार्षिक रुपमा उप-महानगरपालिकामा पेश गर्नु पर्नेछ।

२) तलाउको नियमित मर्मत तथा सम्भारका लागि उप-महानगरपालिकाले ७० प्रतिशत र समितिले ३० प्रतिशत लागत सहभागिता व्यहोर्नु पर्नेछ।

३) स्थानीय समुदायहरुको आय-आर्जन अभिबृद्धिका लागि तथा रोजगारीको अवसर सिर्जना गर्न तलाउमा मत्स्य पालन लगायत थप आय-आर्जन क्रियाकलाप संचालन गर्न सकिने छ साथै तलाउ वरिपरि पार्क निर्माण गरी स्थानीय तथा बाह्य पर्यटकहरुको आगमनमा सामान्य शुल्कको व्यवस्था मिलाई पर्यटकीय क्षेत्रको रुपमा प्रबर्द्धन गर्न सकिने छ।

४) समुदायले तलाउमा जम्मा भएको पानीलाई सिंचाई तथा अन्य प्रयोजनका लागि प्रयोग गर्न हदैसम्म सिंचित क्षेत्राधिकार फराकिलो पारी सदस्य बनाई मासिक तथा वार्षिक रुपमा सामान्य शुल्क लिएर पानी प्रयोग गर्ने छ । तल्लो भू-भागबाट सस्सिएर निस्किएको पानीलाई खानेपानी तथा सिंचाईको लागि प्रयोग गर्न सकिने छ ।

५) वन, जंगल, रुख, वन्य जन्तु, पंक्षी लगायत प्राकृतिक वातावरणीय सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्नुपर्ने दायित्व पहिलो प्राथमिकता हुनेछ तथापि स्थानीय वन तथा वातावरणलाई प्रतिकूल हुने गरी कुनै कार्य गर्न पाइने छैन ।

५. तलाउको अनुगमन तथा मूल्यांकन :

उप-महानगरपालिकाको नगरस्तरीय अनुगमन समितिले यसको नियमित अनुगमन तथा मूल्यांकन गर्ने छ ।

६. तलाउ संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

१) घोराही उप-महानगरपालिकाको नीति अनुसार ताल संचालनको योजना बनाउने ।

२) अनुगमन समितिले दिएको सुझावहरु र सल्लाहलाई प्रभावकारिताका साथ कार्यान्वयन गर्ने ।

३) विधान निर्माण गरी दर्ता गर्ने र विधान अनुसार समिति गठन तथा पुनर्गठन गर्ने ।

४) तलाउ संचालन गर्दा विभिन्न आय-आर्जन हुन सक्ने शीर्षकमा एक आ.व. को लागि १ पटक समयानुकूलको शुल्क तोकी उमनपामा सिफारिस गर्नेछ ।

५) तलाउको नियमित मर्मत, संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापन गर्ने ।

६) तलाउ संचालनमा उत्पन्न हुने विवाद समाधान गर्ने ।

७. तलाउको पानी प्रयोग गर्न पाउने स्थानीय उपभोक्ताको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्ने ।

८. तलाउमा हुन सक्ने सम्भावित विपद तथा जोखिमबाट सुरक्षित गर्न बारम्बार निगरानी गर्नुको साथै समयमा नै स्थानीय उपभोक्तालाई जानकारी मुलक सूचनाहरु टाँस गर्नुका साथै नगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।

९. तलाउको आयआर्जनमा नगरले प्रमाणित गरेको रसिद मात्र प्रयोग गर्ने ।

७. बाधा अड्काउ फुकाउने अधिकार :

यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै अवरोध अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि उप-महानगरपालिकाले यस कार्यविधिमा आवश्यकतानुसार व्याख्या गरी बाधा अड्काउ फुकाउने छ ।

८. कार्यविधिको व्याख्या र विश्लेषण :

८.१ यस कार्यविधि लागु हुनुपूर्व भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

८.२ यस कार्यविधिको कुनै दफा वा भाग संविधानसंग बाझिएमा स्वतः अमान्य हुने छ ।

आज्ञाले,

**ऋषिराम के.सी.**

प्रमुख प्रशासकीय अधिकृत